" शिक्षा स्वास्थ्य र पूर्वाधार, समुन्नत पुतलीबजारको आधार "

# पुतलीबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश, नेपाल

प.सं : ०८२/८३
च.नं : २५८४

मिति:२०८३/०२/१३

श्री विषयगत शाखा सबै,

श्री वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, उपभोक्ता समितिहरु, निर्माण व्यवसायीहरु संघ संस्थालगायत सरोकारवाला सबै, पुतलीबजार नगरपालिका, स्याङ्जा ।

विषय: भुक्तानीका लागि कागजात पेश गर्ने सम्वन्धमा ।

प्रस्तुत विषयमा नगरपालिकाको मिति २०८३/०२/१३ को बैठकको निर्णयानुसार विषयगत शाखा, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, उपभोक्ता समितिहरु, निर्माण व्यवसायीहरु एवं संघ संस्थालगायतबाट यस नगरपालिकासँग तथा वडा कार्यालयमार्फत सम्झौता भई कार्य सम्पन्न भएका योजना तथा कार्यक्रमको भुक्तानीलाई समयबद्ध, प्रभावकारी एवं नियमित बनाई सेवाग्राहीलाई चालु आर्थिक वर्षभित्रै भुक्तानी गर्ने निर्णय भएको छ। साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० मा कार्यालयले भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनु अगावै भुक्तानी दिई निकासा र खर्चको हिसाब अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था रहेको छ। उक्त समयमा कार्य चाप बढी हुन गई सर्भर डाउन हुने, स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (SuTRA) मा विभिन्न समस्या उत्पन्न हुने तथा आर्थिक वर्षभित्रै कार्यालयले बुझाउन बाँकी कर दाखिला र अनुदान फिर्ता गरी सम्पूर्ण कारोबारको हिसाब भिडान गर्नुपर्ने भएको हुँदा चालु आर्थिक वर्ष २०८२।८३ मा यस कार्यालयबाट भुक्तानी लिने गरी सञ्चालित योजना तथा कार्यक्रमहरु सम्पन्न गरी तोकिएका कागजातसहित योजना शाखा/सम्वन्धित विषयगत शाखामार्फत आर्थिक प्रशासन शाखामा फर-फारक र अन्तिम भुक्तानीका लागि यही जेठ मसान्तभित्र पेश गर्नु/गर्न लगाउनु हुन सम्वन्धित सबैमा अनुरोध छ ।

बाबुराम बराल
नि. प्रमुख प्रशासकीय अधिकृत
निमित्त प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:

श्री सूचना प्रविधि शाखा, (नगरपालिकाको वेवसाइट सम्बन्धित शाखा तथा वडा कार्यालयहरुको इमेलमा यथाशीघ्र अपलोड गरी दिनु हुन।)

श्री पूर्वाधार शाखा, नगरपालिकाबाट संचालित योजनाहरुमा समेत सोही अनुसार गर्नुहुन ।



CamScanner